# काठमाण्डौ उपत्यकामा घुम्ती हुलाक सेवा संचालन

- गोश्वारा हुलाक कार्यालयद्धारा काठमाण्डौ उपत्यकाका ३ जिल्लाका विशेषतः नगर क्षेत्रलाई समेट्ने गरी मिति ०७४।१।१५ देखि घुम्ती हुलाक सेवा संचालनमा आएको छ । उक्त सेवाको शुभारम्भ माननीय सूचना तथा संचार मन्त्री सुरेन्द्र कुमार कार्की, सूचना तथा संचार मन्त्रालयका सचिव श्री महेन्द्रमान गुरुङ्ग र हुलाक सेवा विभागका महानिर्देशक श्री सुरेश अधिकारीद्धारा भएको छ ।

- गोश्वारा हुलाक कार्यालय वैदेशिक हुलाक सेवातर्फ डाँक विनिमय केन्द्रको भूमिका सहितको नेपालको हुलाक सेवा कार्यसंचालनस्तरको एक केन्द्रियतहको कार्यालय हो जसले स्थनीयस्तरको कामको सन्दर्भमा हाल काठमाण्डौंमा घरघरसम्म चिठीपत्र, पार्सल, डकुमेन्ट, दुरत सेवा, सेमडे तथा पोष्टबक्श सेवा संचालन गर्दै आएको छ भने संगसंगै घुम्ती हुलाक सेवाको थालनी गरेको छ ।

- नयाँ व्यवस्थापन शैली, आधुनिक संचार प्रविधि र नविन सोंचकासाथ परम्परागत हुलाक कार्यालयमा रहेको सेवालाई यो घुम्ती गाडीमार्फत गाउटोलमा रहेका सेवाग्राहीसम्म पु–याउने प्रयासस्वरुप यो घुम्ती हुलाक सेवाको थालनी गरिएको हो । सस्तो, भरपर्दो, गुणस्तरीय र विश्वसनीय सेवाको रुपमा स्थापित गर्दै अघि बढ्ने हाम्रो लक्ष्य हो ।

## घुम्ती हुलाक सेवामा प्रदान गरिने प्रमुख सेवाहरु :

- दर्ता तथा वितरण वा डेलिभरी सेवा ः हामीले कुनै पनि व्यक्तिगत तथा संस्थागत चिठीपत्र, डकुमेन्ट, पार्सल, ससाना पकेटहरु, अन्य सामान लगायतका हुलाक वस्तुहरु आन्तरिक द्रुत सेवा तथा रजिष्टी सेवा प्रदान गरिने छ ।

- विक्री सेवा : हुलाक टिकट, पोष्ट कार्ड लगायतका हुलाक वस्तुहरु समेत उपलव्ध हुन सक्नेछ ।

- ढुवानी सेवा : चिठीपत्र, डकुमेन्ट, पार्सल, ससाना पकेटहरु, अन्य सामान लगायतका हुलाक डाँक वस्तुहरुका साथै नियमित डाँक ढुवानी समेत गरिनेछ ।

## घुम्ती हुलाक सेवाका रुटहरु( तल click गर्नुहोस )

[रुट नं १ :  काठमाण्डौं क्षेत्र]

[रुट नं. २ :  ललितपुर क्षेत्र]

[रुट नं. ३:  भक्तपुर क्षेत्र]

- यी उपरोक्त सेवाको लागि आवश्यक कागजात, बुझाउनु पर्ने राजश्व, सेवा प्राप्त गर्ने समय लगायतका विवरण घुम्ती टोलीबाट प्राप्त गर्न सकिनेछ । समग्र हुलाक सेवा सम्बन्धि जानकारीको लागि यस कार्यालयबाट प्रकाशित ब्रोस्योर पनि सहयोगी सामग्री बन्न सक्नेछ । थप जानकारीको लागि घुम्ती टोली, कार्यालयस्थित कल सेन्टर, गुनाशो सुन्ने अधिकारी तथा सूचना अधिकारीसंग सम्पर्क राख्न सक्नु हुनेछ । तपाईले अनलाईनमा आफ्नो सेवावारे जानकारी लिन चाहनु हुन्छ भने गोश्वारा हुलाक कार्यालयको वेवसाईटमा गै आफूले सेवा दर्ता गर्दा प्राप्त नम्बरलाई आफ्नो मोवाईलबाटै ट्र्याक गरी चिठीपत्र, पार्सल आदि पुगे नपुगेको जानकारी लिन सकिनेछ । यो सेवाको वारेमा कुनै सुझाव दिनु वा गुनाशो राख्नु परेमा सम्बन्धित घुम्ती टोली, कार्यालयस्थित शाखाप्रमुख र सो पश्चात गुनाशो सुन्ने अधिकारीसमक्ष राख्नुपर्नेछ । निजहरुको सुनुवाईमा चित्त नबुझेमा कार्यालय प्रमुख र सो माथि हुलाक सेवा विभागका महानिर्देशकउपर सुझाव वा गुनाशो राख्न सकिनेछ ।

- घुम्ती हुलाक सेवा र गोश्वारा हुलाक कार्यालयबाट प्रदान हुने सेवाको वारेमा विस्तृत जानकारीको लागि यस कार्यालयको वेभसाईट www.gpo.gov.np मा भिजिट गर्न सक्नु हुनेछ।

थप जानकारीको लागि :

सम्पर्क नं : ०१४२२३५१२, कलसेन्टर : ०१४२५८३९३ फ्याक्स नं : ०१४२२३५८५

ईमेल : enquiry@gpo.gov.np

फेसबुक पेजः https://www.facebook.com/GPOSUNDHARA